बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ५ मितिः २०८३/०५/३१

# भाग-२

## बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृति मितिः- २०८३/०५/३१**

**राजपत्रमा प्रकाशित मितिः-२०८३/०६/१३**

प्रस्तावना : यस बान्नीगढी जयगढ गाउँपालिकामा रहेका गरिब, विपन्न, असहाय, कडा रोग लागेका, दुर्घटनामा परेका, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरू र सांस्कृतिक क्षेत्रमा क्रियाशील संघ, संस्था, संगठन तथा खेलकुद क्षेत्रको सहयोगको अपेक्षालाई व्यवस्थित गर्न एवं आर्थिक पारदर्शिता कायम गर्न आवश्यक भएकोले,

बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "आर्थिक सहायता" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई सम्झनुपर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले गाउँपालिका रहेको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकालाई सम्झनुपर्दछ ।

(च) "गाउँपालिकावासी" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकामा स्थायी बसोबास गरेको व्यक्ति सम्झनुपर्दछ ।

(छ) "सडक आश्रित मानव" भन्नाले कुनै पनि सहारा नभएको, बेवारिसे र बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्रको सडकपेटी वा सार्वजनिक स्थललाई नै आश्रयको स्थल बनाएको व्यक्ति सम्झनुपर्दछ ।

## परिच्छेद -२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ;

(१) असहायलाई आर्थिक सहायता : यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकाघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारिसे अवस्थामा रहेको र अन्य व्यक्तिको आश्रय लिनु परेको, ज्येष्ठ नागरिक भत्ता नपाउने गरेको साथै आर्थिक उपार्जन तथा काम गरी खान नसक्ने अवस्थामा भएको गाउँपालिकावासी वा विभिन्न खाले

हिंसा तथा शोषणमा परेका पिडित महिला तथा बालबालिका वा सडक आश्रित मानवले आर्थिक सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा एक हजारदेखि पाँच हजार रुपैया सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) गरिब तथा विपन्नलाई आर्थिक सहायता : यस गाउँपालिकामा स्थायी रूपमा बसोबास गर्ने गरिब, विपन्न तथा आर्थिक रूपमा कमजोर वर्गका नागरिकलाई बासस्थान निर्माण वा जीविकोपार्जनका लागि तोकिएका कागजातका आधारमा देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछः

(क) जीविकोपार्जन तथा आयआर्जन सहायता : विपन्न परिवारको दिगो आयआर्जन तथा स्वरोजगारका लागि साना व्यवसाय सञ्चालन गर्न बीउ पुंजी वा औजार/सामग्री खरिदका लागि बढीमा रु. १०,०००/- (दश हजार) सम्म ।

(ख) बासस्थान (घर) मर्मत तथा निर्माण सहायता : जिर्ण अवस्थामा रहेको घर मर्मत सम्भार गर्न, छाना छाउन वा सुरक्षित बासस्थान निर्माणका लागि बढीमा रु. १५,०००/- (पन्ध्र हजार) सम्म ।

(३) दुर्घटनामा परेकालाई आर्थिक सहायता : गाउँपालिकावासी कुनै दुर्घटनामा परी तत्काल उपचार गराउनुपर्ने वा अङ्गभङ्ग भएको र गरिबी एवं विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत कमजोर रहेको व्यक्तिलाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछः

(क) साधारण दुर्घटना वा चोटपटक लागेको अवस्थामा : दुर्घटनाको प्रकृति हेरी एक पटकमा रु. ५,०००/- (पाँच हजार) देखि रु. १०,०००/- (दश हजार) सम्म ।

(ख) गम्भीर दुर्घटना भई अङ्गभङ्ग भएको वा शल्यक्रिया गर्नुपर्ने अवस्थामा : अस्पतालको प्रमाण र चिकित्सकको सिफारिसका आधारमा एक पटकमा रु. १५,०००/- (पन्ध्र हजार) देखि अधिकतम रु. २५,०००/- (पच्चीस हजार) सम्म ।

(४) बिरामीको औषधी उपचारका लागी आर्थिक सहायता : कुनै पनि रोग लागी अस्पतालमा भर्ना भई उपचार गराइरहेका तर गरिबी एवं विपन्नताका कारण उपचार खर्च जुटाउन नसकेका गाउँपालिकावासीलाई रोगको गम्भीर्यता र जटिलताका आधारमा देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछः

(क) मध्यम प्रकृतिको रोग भई अस्पताल भर्ना हुनुपरेमा : रोगको अवस्था र उपचार खर्चका आधारमा एक पटकमा रु. ५,०००/- (पाँच हजार) देखि रु. १०,०००/- (दश हजार) सम्म ।

(ख) कडा रोग लागी अस्पताल भर्ना हुनुपरेमा वा शल्यक्रिया गर्नुपरेमा : अस्पतालको प्रमाण र चिकित्सकको सिफारिसका आधारमा एक पटकमा रु. १५,०००/- (पन्ध्र हजार) देखि अधिकतम रु. २५,०००/- (पच्चीस हजार) सम्म ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनका लागी कडा रोग भन्नाले "विपन्न नागरिकलाई औषधि उपचार सहायता सम्बन्धी निर्देशिका (पहिलो संशोधन), २०८२" मा उल्लेख गरिएका मुटु रोग, मिर्गौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया रोगलाई सम्झनुपर्छ ।

(५) खेलकुद तथा सांस्कृतिक कार्यक्रम गर्नका लागी आर्थिक सहायता : स्थानीय रुपमा सास्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब वा संघसंस्था तथा खेलकुद क्लव वा खेलाडीले खेलकुद प्रतियोगितामा भाग लिनका लागि जिल्लास्तरमा पाँच हजार देखि दश हजार रुपैयाँ सम्म, प्रदेशस्तरमा बढीमा बीस हजार रुपैयाँ सम्म, राष्ट्रियस्तरमा बढीमा पच्चीस हजार रुपैयाँ सम्म र अन्तराष्ट्रियस्तरमा कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता प्रदान गरिनेछ ।

(६) उपदफा (१), (२), (३), (४) र (५) मा उल्लिखित आर्थिक सहायता बाहेकको प्रकृति र अवस्था हेरी थप आर्थिक सहायता आवश्यक पर्ने भएमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउन सकिनेछ ।

<u>परिच्छेद -३</u>

<u>आर्थिक सहायता भुक्तानी प्रक्रिया</u>

४. <u>भुक्तानी प्रक्रिया</u> : (१) दफा ३ को उपदफा (१), (२), (३), (४) र (५) बमोजिमको आर्थिक सहायता माग गर्ने व्यक्तिले अनुसूची -१ बमोजिम को निवेदन भरी आवश्यक कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालयबाट सिफारिस लिई गाउँपालिकामा निवेदन दिनुपर्नेछ । असहाय/आर्थिक अवस्था कमजोर/विपन्न भएको भनी विश्वास लागेमा ठाडो निवेदनको आधारमा पनि कार्यविधिले तोके अनुसारको आर्थिक सहायता दिन सकिनेछ ।

(२) रोग लागेका व्यक्ति/जनप्रतिनिधि/कर्मचारी वा निजको तर्फबाट नजिकका नातेदारले गाउँपालिकाबाट आर्थिक सहायता प्राप्त गर्न अनुसूची -२ बमोजिमको निवेदन भरी र आवश्यक कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालय र गाउँपालिकाको स्वास्थ्य शाखाबाट समेत सिफारिस लिई गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) संघ/संस्था/खेलकुद क्लव/खेलाडीको हकमा अनुसूची -३ बमोजिमको निवेदन भरी आवश्यक कागजात संलग्न गरी कार्यक्रम सञ्चालन हुने/भएको सम्बन्धित वडा कार्यालयबाट गरेको सिफारिस सहित पेश भएपछि सहयोग उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम निवेदन दिने व्यक्तिलाई वार्षिक विनियोजित बजेटको सीमाभित्र रही पाँच हजार सम्मको आर्थिक सहायता गाउँपालिका अध्यक्षको निर्णयबाट दिन सकिनेछ । सो सीमाभन्दा माथीको रकम निर्धारण गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ;

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) संयोजकले तोकेको महिला कार्यपालिका सदस्य एक जना- सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ङ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(५) उपदफा (४) बमोजिम निर्णय भएपछि आर्थिक सहायता रकम EFT मार्फत सोझै निवेदकको बैंक खातामा पठाइनेछ।

## परिच्छेद -३
## विविध

५. बजेट व्यवस्थापन : यस कार्यविधि बमोजिम वार्षिक रुपमा आर्थिक सहायता उपलब्ध गराउन लाग्ने अनुमानित खर्च रकम वार्षिक बजेटमा व्यवस्था भए बमोजिम हुनेछ ।

६. अभिलेख व्यवस्थापन : यस कार्यविधि बमोजिम उपलब्ध गराइएको आर्थिक सहायता सम्बन्धी रकमको अभिलेख प्रचलित कानून बमोजिम व्यवस्थित गरी राखुपर्नेछ । साथै यस कार्यविधि बमोजिम आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको विवरण वेबसाइट मार्फत चौमासिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

७. दोहोरो सुविधा नदिइने : (१) कुनै पनि व्यक्तिलाई एउटा घटनामा तथा एक आर्थिक वर्षमा एक पटक र संघ संगठनलाई एक आर्थिक वर्षमा एक पटकभन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

(२) कुनै पनि व्यक्तिलाई एउटै रोगमा दोहोरो पर्ने गरी यस कार्यविधि बमोजिमको औषधी उपचार खर्च उपलब्ध गराइने छैन ।

८. प्रचलित कानून बमोजिमको सुविधामा असर नपर्ने : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम उपलब्ध हुने सुविधा वा सहुलियत प्राप्त गर्न यस कार्यविधिले बाधा पुर्‍याएको मानिने छैन ।

९. यसै कार्यविधि बमोजिम मानिने : यस गाउँपालिकाबाट यसअघि गरेका आर्थिक सहायता सम्बन्धी भए गरेका काम कारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

१०. कार्यविधिको व्याख्या, संशोधन तथा अनुसूची हेरफेर : यस कार्यविधिको व्याख्या, संशोधन र अनुसूची हेरफेर गर्नुपरेमा कार्यपालिकाले गर्नेछ ।

<u>अनुसूची -१</u>

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>आर्थिक सहायता माग गर्ने निवेदनको ढाँचा</u>

मिति : ..........................

श्री अध्यक्षज्यू,
बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जयगढ, अछाम ।

<u>विषय : आर्थिक सहायता उपलब्ध गराइदिनुहुन ।</u>

प्रस्तुत विषयमा अछाम जिल्ला, बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ....... बस्ने म निवेदक मेरो .......................................... दुर्घटना/असहाय भएको व्यहोरा अवगत गराउँदछु । मेरो/निजको आर्थिक अवस्था नाजुक भएकोले "बान्नीगढी जयगढ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३" को व्यवस्था बमोजिम आर्थिक सहायता उपलब्ध गराईदिन हुन भनि तपसिलका कागजातहरू यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

<u>निवेदन साथ संलग्न कागजातहरू</u> :

(क) दुर्घटनामा परेको/असहाय व्यक्तिको नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाण पत्रको प्रतिलिपि,
(ख) गाउँपालिकामा स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि,
(ग) दुर्घटनामा परेको/असहाय व्यक्तिको नजिकको नातेदार भए नाता खुल्ने कागजात र निजको नागरिकता/विवाहदर्ता प्रमाण पत्रको प्रतिलिपि,
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ङ) दुर्घटनामा परेको भए प्रहरी कार्यालयको मुचुल्काको प्रतिलिपि, अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज र औषधि उपचारमा खर्च भएको सक्कलै बिल,
(च) आवासविहीनको हकमा सर्जमिन मुचुल्का, वडा समितिको निर्णय र नक्सापास ।

<u>निवेदक</u>
हस्ताक्षर :
नाम, थर :
ठेगाना :
सम्पर्क नं. :

अनुसूची -२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

स्वास्थ्य उपचारका लागि आर्थिक सहायता माग गर्ने निवेदनको ढाँचा

मिति ..........................

श्री अध्यक्षज्यू,
बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जयगढ, अछाम ।

विषय : स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराईदिनहुन ।

प्रस्तुत विषयमा अछाम जिल्ला, बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ....... बस्ने निवेदक/मेरो .......................................... लाई ........................................ रोग लागि हाल .............................. अस्पतालमा उपचार गराई रहेको हुँदा "बान्नीगढी जयगढ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३" को व्यवस्था बमोजिम उपलब्ध हुने आर्थिक सहायता पाउन सम्बन्धित वडा कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

निवेदन साथ संलग्न कागजातहरू :

(क) बिरामीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
(ख) स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि,
(ग) बिरामीको नजिकको नातेदार भए नाता खुल्ने कागजात र निजको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
(घ) सम्बन्धित वडा कार्यालय र स्वास्थ्य शाखाको सिफारिस,
(ङ) अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज वा सम्बन्धित अस्पतालले रोग प्रमाणित गरेको कागजातको प्रतिलिपि,
(च) औषधि उपचारमा खर्च भएको सक्कलै बिल ।

निवेदक
हस्ताक्षर :
नाम, थर :
ठेगाना :
सम्पर्क नं. :

अनुसूची -३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

संघ/संस्था/खेलाडी/खेलकुद क्लब आदिले आर्थिक सहायता माग गर्ने निवेदनको ढाँचा

मिति : ..........................

श्री अध्यक्षज्यू,
बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जयगढ, अछाम ।

विषय : आर्थिक सहायता उपलब्ध गराइदिनुहुन ।

प्रस्तुत विषयमा ....................................... ठेगाना रहेको ............................ संघ/संस्था/समूह/क्लबलाई .................................................................. सञ्चालन गर्नुपर्ने/भाग लिनुपर्ने भएकोले यस संघ/संस्था/समूह/क्लबबाट विनियोजित रकम अपुग हुने भएको हुँदा सो प्रयोजनका लागि "बान्नीगढी जयगढ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३" को व्यवस्था बमोजिम आर्थिक सहायता उपलब्ध गराइदिनुहुन तपसिलका कागजातहरू यसैसाथ संलग्न राखी यो निवेदन पेश गरिएको छ । यस संस्थाको यस गाउँपालिकासँग सम्बन्धित तिर्न बुझाउनुपर्ने वा फछ्र्यौट गर्नुपर्ने कर महशुल, बक्यौता, पेश्की, बेरुजु बाँकी नरहेको र प्राप्त सहयोग सम्बन्धित शीर्षकमा नै खर्च हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

निवेदन साथ संलग्न कागजातहरू :

(क) संस्था दर्ता, कर चुक्ता, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) सञ्चालन गर्ने कार्यक्रमको प्रस्तावना, प्रतिवेदन र बिल भरपाई ।

(घ) खेल खेल्नका लागि विदेश जाने भए नेपाल सरकारबाट प्राप्त अनुमति पत्रको प्रतिलिपि वा विदेशी संस्थाले आमन्त्रण गरेको पत्रको प्रतिलिपि, आतेजाते हवाई वा अन्य साधनको टिकटको सक्कल, भिसाको प्रतिलिपि ।

निवेदक

हस्ताक्षर :

नाम, थर :

पद :

संस्थाको ठेगाना र सम्पर्क नं. :

संस्थाको छाप :

आज्ञाले

सुरेश प्रसाद जैसी

प्रमुख प्रशासकीय अधिकृत